नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४
चलानी नं. : ३१६८

CDS and Clearing Ltd.

मिति : २०७३/०९/२६

**विषय : कारोबार शुल्क सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:१०/आ.व.२०७३/७४)

यस लि. ले मिति २०७२/०५/२८ गते जारी गरेको परिपत्र नं.१८/आ.व.२०७२/७३ मा खरिदकर्ता हितग्राहीले कारोबार गरे बापतको हस्तान्तरण शुल्क सम्बन्धित हितग्राहीको निक्षेप सदस्यले संकलन गर्न निर्देशन दिई सोही बमोजिम कार्यान्वयन भइरहेको व्यहोरा सम्पूर्ण निक्षेप सदस्य तथा राफसाफ सदस्यहरुलाई विदितै छ । हालको व्यवस्थानुसार राफसाफ सदस्यले खरिदकर्ताले खरिद गरेको शेयर सोझै खरिदकर्ताको डिम्याट् खातामा जम्मा गर्ने हुँदा निक्षेप सदस्यहरुसंग उक्त खरिदकर्ता सम्पर्कमा नआउने हुँदा हस्तान्तरण बापत्को शुल्क संकलन गर्न कठिनाई भएको गुनासो प्राप्त भएकोले यस लि. ले निक्षेप सदस्यहरुको गुनासोलाई मध्यनजर गर्दै कारोबारको समयमा खरिदकर्ता राफसाफ सदस्यको सम्पर्कमा हुने हुँदा खरिद कारोबार बापत्को हस्तान्तरण शुल्क राफसाफ सदस्यले संकलन गरी सम्बन्धित निक्षेप सदस्यलाई बुझाउनुपर्ने व्यवस्था यहि मिति २०७३ माघ २ गतेदेखि लागू हुनेगरी कार्यान्वयन गर्न गराउन सम्पूर्ण राफसाफ सदस्य तथा निक्षेप सदस्यहरुलाई जानकारी गराईन्छ ।

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com